# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७३।०४।२१ गते

# प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको।

---

श्री गंगा प्राथमिक विद्यालय पञ्चीकोट घोडा गाँउ- ६ रोल्पाका प्राथमिक तहका शिक्षक, सुवर्ण शाही (सेन) ले प्रा.वि. तहको शिक्षक पदमा २०३९/५/८ मा अस्थायी नियुक्ति, २०४३/५/२० मा स्थायी नियुक्ति, २०५५/१/१७ मा प्राथमिक द्धितिय शिक्षक पदमा बढुवा र २०६८/८/२७ मा प्राथमिक तह प्रथम श्रेणी पदमा बढुवा भई लाभ लिने उद्देश्यले भारतको माध्यमिक शिक्षा परिषद् अन्तर्गत GOVT. GIRLS INTER COLLEGE FAIZABAD, परिक्षा केन्द्रबाट सन् १९८९ मा माध्यमिक परिक्षा उत्तिर्ण गरेको भनिएको झुठा शैक्षिक योग्यताका प्रमाणपत्रहरु पेश गरी राष्ट्रसेवक प्रा.वि. शिक्षक पदमा कार्यरत रही साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज सुवर्ण शाही (सेन) लाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा दफा २९ (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

(कृष्णहरि पुष्कर)
सहसचिव एवं प्रवक्ता